फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या :-०७७/७८
च.नं. :- ३५१

मितिः- २०७७/०५/३१

विषयः- संविधान दिवस मनाउने सम्बन्धमा ।

श्री स्थानीय तह सबै, मकवानपुर ।
श्री सरकारी कार्यालय तथा सार्वजनिक संस्थान सबै, मकवानपुर ।
श्री गैर सरकारी महासंघ, मकवानपुर ।
श्री पत्रकार महासंघ, मकवानपुर ।

प्रस्तुत विषयमा श्री गृह मन्त्रालय, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखाको च.नं. ७१, मिति २०७७-०५-२५ को पत्रको छाँयाप्रति पाना १ (एक) यसैसाथ संलग्न छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई २०७७ सालको संविधान दिवस भव्यताकासाथ मनाउने आवश्यक व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

(देवचन्द्र गतौंला)
प्रशासकीय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(कार्यालय व्यवस्था तथा जिन्सी शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- ०७७/७८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 69

मितिः २०७७/५/२५

श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

विषयः- निर्देशन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा २०७७ सालको संविधान दिवस भव्यताका साथ मनाउने सम्बन्धमा सम्माननीय प्रधानमन्त्री ज्यूको अध्यक्षतामा मिति २०७७।५।२२ गते बसेको संविधान दिवस मुल समारोह समितिको बैठकबाट भएको निर्णय बमोजिम मिति २०७७ साल असोज २, ३ र ४ गते जिल्लास्तरमा निम्न बमोजिम कार्यक्रम आयोजना गरी मनाउने निर्णय भएको हुदा उक्त दिन सोही अनुसार संविधान दिवस मनाउन हुन अनुरोध छ ।

**संविधान दिवस मुल समारोह समितिको निर्णय**

१. प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय/प्रतिष्ठान, संघसंस्था, कार्यालयमा राष्ट्रिय झण्डा फहराउने तथा आम सर्वसाधारणले असोज २, ३ र ४ गते घर-घरमा साँझमा दीप प्रज्ज्वलन गर्ने।
२. स्थानीय सञ्चार माध्यम तथा पत्रपत्रिकाबाट संविधानसँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रकाशन-प्रसारण गर्न लगाउने।
३. विभिन्न मन्दिर, बुद्ध विहार, मस्जीद, चर्च एवं गुरुद्वार लगायतका धार्मिक स्थानहरुमा नित्य पूजा गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरूको आत्माको चीरशान्तिका लागि राष्ट्रको तर्फबाट उच्च सम्मान र श्रद्धाञ्जली प्रकट गर्दै पूजापाठ तथा प्रार्थना गर्ने।

२०७७/५/२५
उप-सचिव
(बासुदेव घिमिरे)

सम्पर्क नं: ०१-४२११२५३, ०१-४२११२५५ ईमेल:omgs@moha.gov.np